# राष्ट्रिय गौरवका आयोजनाहरूको

# सङ्क्षिप्त परिचय तथा प्रगति

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

मङ्सिर, २०७०

# राष्ट्रिय गौरवका आयोजनाहरूको

# सङ्क्षिप्त परिचय तथा प्रगति

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

**अनुगमन तथा मूल्याङ्कन महाशाखा**

मङ्सिर, २०७०

| | | |
|---|---|---|
| प्रकाशक | : | नेपाल सरकार<br>राष्ट्रिय योजना आयोग<br>अनुगमन तथा मूल्याङ्कन महाशाखा |
| प्रकाशन प्रति | : | २००० |
| प्रकाशन मिति | : | मङ्सिर, २०७० |
| मुद्रण | : | सोपान प्रेस प्रा.लि.<br>डिल्लीबजार, काठमाडौं, फोनः ४४४२२०६ |

# हाम्रो भनाइ

आवधिक विकास योजनाका लक्ष्यहरू हासिल गर्न सघाउ पुऱ्याउने उद्देश्यले चालु आर्थिक वर्ष २०७०/७१ मा नेपाल सरकारले २१ वटा आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरेको छ । राष्ट्रिय गौरवका यी आयोजनाको उद्देश्य, समयावधि, लागत अनुमान, अवस्थिति जस्ता विषयमा जानकारी गराउने उद्देश्यले ती आयोजनाहरूको अद्यावधिक कार्यान्वयन प्रगतिको स्थिति समीक्षा पारदर्शीरूपमा प्रस्तुत गर्न राष्ट्रिय योजना आयोगले यो पुस्तिका प्रकाशन गरेको छ । यस प्रकाशनले राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयन स्थितिबारे थप जानकारी प्रदान गर्ने मात्र नभई ती आयोजनाहरूको प्रभाव र औचित्य पनि प्रस्तुत गरेको छ ।

यो प्रकाशनले यी राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनमा थप जानकारी प्रदान गर्नुका साथै विकासमा चासो राख्ने धेरैको जिज्ञासा मेटाउन पनि सहयोग पुऱ्याउने मैले आशा लिएको छु ।

यो पुस्तिका तयारीमा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु ।

मङ्सिर, २०७० | डा. रवीन्द्रकुमार शाक्य

उपाध्यक्ष

राष्ट्रिय योजना आयोग

# विषयसूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | आयोजनाको प्राथमिकीकरण र राष्ट्रिय गौरवका आयोजना | १-२ |
| ३. | राष्ट्रिय गौरवका आयोजनाको समग्र स्थिति | २-३ |
| ४. | राष्ट्रिय गौरवका आयोजनाहरूको परिचय तथा प्रगति स्थिति | ३ |
| ४.१. | सिक्टा सिँचाइ आयोजना | ३-४ |
| ४.२. | बबई सिँचाइ आयोजना | ४ |
| ४.३. | रानीजमरा कुलरिया सिँचाइ आयोजना | ४-५ |
| ४.४. | भेरी बबई डाइभर्सन | ५ |
| ४.५. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | ६-७ |
| ४.६. | बूढीगण्डकी जलविद्युत् आयोजना | ७ |
| ४.७. | पश्चिम सेती जलविद्युत् आयोजना | ७ |
| ४.८. | भैरहवा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने | ८ |
| ४.९. | पोखरा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने | ९ |
| ४.१०. | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा | ९ |
| ४.११. | पशुपति क्षेत्र विकास कोष | १० |
| ४.१२. | लुम्बिनी क्षेत्र विकास कोष | १०-११ |
| ४.१३. | मध्य पहाडी (पुष्पलाल) लोकमार्ग | ११-१२ |
| ४.१४. | पूर्व- पश्चिम रेलमार्ग | १२-१३ |
| ४.१५. | हुलाकीमार्ग | १३ |
| ४.१६. | उत्तर- दक्षिण (कोशी) लोकमार्ग | १४ |
| ४.१७. | उत्तर- दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग | १४-१५ |

| | | |
|---|---|---|
| ४.१८. | उत्तर- दक्षिण (कर्णाली) लोकमार्ग | १५ |
| ४.१९ | काठमाडौं तराई-मधेश द्रूतमार्ग | १५ |
| ४.२०. | मेलम्ची खानेपानी आयोजना | १६-१७ |
| ४.२१. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १७-१८ |
| ५. | निष्कर्ष | १८-१९ |
| ६. | समग्र प्रगति समीक्षा | २०-२४ |
| ७. | सन्दर्भसूची | २५ |

## १. पृष्ठभूमिः

नेपाल सरकारले आवधिक विकास योजनाका लक्ष्यहरु हासिल गर्ने उद्देश्यले सञ्चालित विकास आयोजना तथा कार्यक्रमहरूको प्राथमिकताक्रम तोक्ने कार्यलाई संस्थागत गरेको छ । नवौं योजनादेखि नै विकास आयोजना तथा कार्यक्रमहरूलाई विशेष प्राथमिकता प्राप्त (Core Projects) वा प्राथमिकता प्राप्त (Priority Projects) आयोजनाका रूपमा प्राथमिकीकरण गरी साधन विनियोजनलाई प्रभावकारी बनाउने कार्य प्रारम्भ गरिएको थियो । यसलाई त्यसपछिका आवधिक योजनाहरूले पनि कुनै न कुनै रूपमा निरन्तरता दिएका छन् । यसैक्रममा नेपाल सरकारले आ.व. २०६८/६९ देखि प्रथम प्राथमिकताका १७ वटा र आ.व. २०७०।७१ को बजेट वक्तव्यमार्फत अन्य ४ समेत थप गरी २१ वटा आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरेको छ । राष्ट्रिय गौरवका यी आयोजनाहरूको उद्देश्य, समयावधि, लागत अनुमान, अवस्थिति जस्ता विषयहरूमा सङ्क्षिप्त परिचय दिने र तिनीहरूको अद्यावधिक कार्यान्वयन प्रगति स्थितिको समीक्षा पारदर्शीरूपमा प्रस्तुत गर्ने उद्देश्यले राष्ट्रिय योजना आयोगले यो पुस्तिका प्रकाशन गरेको छ ।

## २. आयोजनाको प्राथमिकीकरण र राष्ट्रिय गौरवका आयोजना

नेपालमा आर्थिक साधनको विनियोजन दक्षता (Allocative Efficiency) र विशेष महत्वका आयोजनाहरूलाई साधन निश्चितता (Ring-fencing) का लागि आयोजनाको प्राथमिकीकरणलाई आधारका रूपमा लिइएको छ । सीमित स्रोतलाई योजनाको लक्ष्यसँग प्रत्यक्ष आबद्ध गराई विकास व्यवस्थापनलाई नतिजामुखी बनाउन आयोजना प्राथमिकीकरणको महत्व रहन्छ । यही महत्वलाई दृष्टिगत गरी दशौं योजनाको प्रारम्भदेखि लागू गरिएको मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) को एक प्रमुख विशेषताका रूपमा आयोजना प्राथमिकीकरण (Project Prioritization) लाई थप संस्थागत गर्न थालिएको हो ।

यस अनुरूप आवधिक योजनाका उद्देश्य हासिल गर्न पुऱ्याउने

योगदानका आधारमा निश्चित आधारहरु प्रयोग गरी कुनै आर्थिक वर्षको वार्षिक विकास कार्यक्रममा प्रवेश पाउने आयोजनाहरूलाई प्रथम प्राथमिकता प्राप्त (पि १), दोस्रो प्राथमिकता प्राप्त (पि २) र तेस्रो प्राथमिकता प्राप्त (पि ३) मा वर्गीकरण गरी साधन विनियोजन गर्ने परिपाटि बसाइएको थियो । यसलाई त्यसपछिका आवधिक योजनाहरूले पनि निरन्तरता दिए । हाल मध्याबधि खर्च संरचनामा आयोजनाहरूको प्राथमिकीकरण गर्नका लागि यी आधारहरु रहेका छन । १) गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धिलाई पुऱ्याउने योगदान २) शान्ति प्रवर्द्धनमा पुऱ्याउने योगदान ३)सहस्राब्दी विकास लक्ष्यमा पुऱ्याउने योगदान ४) समावेशीकरण तथा लैङ्गिकीकरणमा पुऱ्याउने योगदान ५) उत्पादनमूलक रोजगारीमा पुऱ्याउने योगदान ६)सहभागिता ७) भौतिक पुँजी निर्माणमा पुऱ्याउने योगदान ८) वातावरणीय दिगोपनामा पुऱ्याउने योगदान ।

हाल राष्ट्रिय गौरवका आयोजनाहरु (Projects of National Pride) निर्धारण गरी साधन विनियोजनमा प्राथमिकता र सघन अनुगमनको व्यवस्था मार्फत कार्यान्वयनमा प्रभावकारिता ल्याउन गरिएको प्रयासलाई यसैको निरन्तरताका रूपमा लिन सकिन्छ । मध्यावधि खर्च संरचनामा झै विभिन्न आधारहरु तोकी तदनुरूप व्यवस्थित रूपमा राष्ट्रिय गौरवका आयोजनाहरु छनौट वा निर्धारण गर्न बाँकी नै रहे पनि लगानी तथा प्रतिफलको स्तर र राष्ट्रिय दृष्टिले निकै महत्वपूर्ण देखिएका आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा तोक्ने गरेको छ । यी सबै आयोजना आवधिक योजनाले राष्ट्रिय प्राथमिकतामा राखेका विषय क्षेत्रसँग सम्बन्धित रहेको तथ्यले पनि यसलाई पुष्टि गर्दछ । यी आयोजनाहरूको प्रगति र यिनीहरूले झेल्नुपरेका समस्याहरूका सम्बन्धमा राष्ट्रिय विकास समस्या समाधान समिति (National Development Action Committee- NDAC) को बैठकमा विशेष छलफल गर्ने व्यवस्था गरिएको छ । यी आयोजनाहरूको कार्यान्वयनलाई नतिजामुखी गराउन सम्बन्धित मन्त्रालयले सम्बद्ध आयोजना प्रमुखहरूसँग कार्य सम्पादन करार (Performance Contract) गराउने व्यवस्था भएको छ । यस कार्यको नियमित समन्वय, प्रतिवेदन प्राप्ति तथा समीक्षा र प्रशासनिक

सुपरीवेक्षण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पनि हुने गरेको छ । यसका अतिरिक्त यी आयोजनाको लागि वार्षिक विकास कार्यक्रममा बहुवर्षीय खरिद योजनाको विस्तृत विवरण सहित राष्ट्रिय योजना आयोगले कार्यक्रम स्वीकृत गर्ने गरेकाले आयोजनाको समग्र व्यवस्थापनमा सहयोग पुग्ने स्थिति रहेको छ ।

अतः राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण भूमिका निर्वाहा गर्न सक्ने देखिएका आयोजनालाई सरकारले अति उच्च प्राथमिकतामा राखी साधन विनियोजनमा प्राथमिकता, कार्यान्वयनमा आइपरेका वा आउनसक्ने देखिएका समस्याहरु समयमै पहिचान तथा समाधान र आयोजना व्यवस्थापनलाई नतिजाप्रति जवाफदेही गराउने असल अभ्यास (Best Practice) का रूपमा यस प्रक्रियालाई लिइनु उपयुक्त हुने देखिन्छ ।

## ३. राष्ट्रिय गौरवका आयोजनाको समग्र स्थिति

गत आर्थिक वर्ष २०६९।७० मा कुल ४५१ आयोजनाहरु सञ्चालित थिए । यी आयोजनाहरूमध्ये प्रथम प्राथमिकता प्राप्त (पि १) अन्तर्गत २८२ (६२.५ प्रतिशत), दोस्रो प्राथमिकता प्राप्त (पि २) अन्तर्गत १३८ (३०.५ प्रतिशत) र तेस्रो प्राथमिकता प्राप्त (पि ३) मा३१ आयोजनाहरु (७ प्रतिशत) रहेका थिए । प्रथम प्राथमिकता प्राप्त आयोजनाहरु (२८२) मध्ये पनि १७ आयोजना (६ प्रतिशत) राष्ट्रिय गौरवका आयोजना थिए । राष्ट्रिय गौरवका आयोजनाहरु कुल आयोजना सङ्ख्या (४५१) को ३.७६ प्रतिशत हुन आउँछ । यसैगरी गत आ.व. २०६९।७० मा विनियोजित कुल विकास बजेट रू. ४०४८२०००० हजारको करिब ३.१८ प्रतिशत अर्थात् रू. १२८६२६२१ हजार राष्ट्रिय गौरवका आयोजनाहरूमा विनियोजन भएको थियो ।

यसैगरी चालु आर्थिक वर्ष २०७०।७१ मा कुल ४५५ आयोजनाहरु सञ्चालित छन् । यी आयोजनाहरूमध्ये प्रथम प्राथमिकता प्राप्त (पि १) अन्तर्गत ३०३ (६६.६ प्रतिशत), दोस्रो प्राथमिकता प्राप्त (पि २) अन्तर्गत १२९ (२८.३५ प्रतिशत) र तेस्रो प्राथमिकता प्राप्त (पि ३) मा २३ आयोजनाहरु (५ प्रतिशत) रहेका छन् । प्रथम

प्राथमिकता प्राप्त आयोजनाहरु (३०३) मध्ये पनि २१ आयोजना (६.९ प्रतिशत) राष्ट्रिय गौरवका आयोजनाहरु रहेका छन् । राष्ट्रिय गौरवका आयोजनाहरु कुल आयोजना सङ्ख्या (४५५) को ४.६ प्रतिशत हुन आउँछ । यसैगरी चालु आ.व.२०७०।७१ मा विनियोजित कुल विकास बजेट रू. २,४१,५७,५०,४१ हजारको करिव **७.२४** प्रतिशत अर्थात् रू. १७५१२७९० हजार राष्ट्रिय गौरवका आयोजनाहरुमा विनियोजित भएको पाइन्छ । राष्ट्रिय गौरवका आयोजनाको समग्र स्थिति निम्नानुसार रहेको छ ।

**तालिका नं-१**

रकम रू हजारमा

| क्र.स. | १. |
|---|---|
| कुल आयोजना संख्या | ४५५ |
| राष्ट्रिय गौरवका आयोजना संख्या | २१ (४.६% ) |
| पि.१ आयोजना संख्या | ३०३ (६६.६%) |
| पि.२ आयोजना संख्या | १२९ (२८.३५%) |
| पि.३ आयोजना संख्या | २३ (५%) |
| आ.व. २०७०/७१ को कूल विकास बजेट रू | २,४१,५७,५०,४१ |
| राष्ट्रिय गौरवका आयोजनाको विनियो जित बजेट रू | १७५१२७९० (७.२४%) |

## ४. राष्ट्रिय गौरवका आयोजनाहरूको परिचय तथा प्रगति स्थितिः

### ४.१ सिक्टा सिँचाइ आयोजना

कृषियोग्य भूमिमा वर्षैभरी सिँचाइ सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालित यो आयोजना बाँके जिल्लामा अवस्थित छ । यस आयोजनाबाट उक्त जिल्लामा ४३ वटा गा.वि.स. र नेपालगञ्ज नगरपालिकासमेत गरी ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुग्ने देखिन्छ । यस

आयोजना नेपाल सरकारको आफ्नै स्रोतबाट सञ्चालन भैरहेको छ । आयोजनाको सुरुलागत अनुमान रू. १२ अर्ब ८० करोड १७ लाख ३९ हजार रहेकोमा हाल संशोधित लागत अनुमान रू. १५ अर्ब, ७३ करोड २५ लाख ९४ हजार रहेको छ । आ.व. २०६१/०६२ मा सुरू भई २०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको यस आयोजनाका अद्यावधिक मुख्य उपलब्धिहरूमा गेट बाहेक हेडवर्कस् निर्माण कार्य सम्पन्न भएको, र गेटलगायत हाइड्रोमेकानिकल कार्य गराउनका लागि अन्तर्राष्ट्रिय ठेकेदारसँग ठेक्का सम्झौता भएको छ । यसैगरी सुरूको मूल नहरको संरचना निर्माण सम्पन्न हुनुका साथै नहर निर्माण कार्य ७० प्रतिशत सम्पन्न भैसकेको छ । आ.व. २०६९/७० मा आयोजनाको भौतिक प्रगति ५७.३४ प्रतिशत र वित्तीय प्रगति ५०.२४ प्रतिशत रहेको देखिन्छ । आयोजनाको विस्तृत स्थिति विवरण अनुसूचीमा राखिएको छ ।

आयोजनाबाट प्राप्त जानकारीअनुसार आ.व.२०६९/७० को सुरूमा पर्याप्त बजेट विनियोजन हुन नसकेको, नहर निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण गर्न समस्या परेको, निर्माण सामग्री वोल्डरको अभावले प्रगतिमा बाधा पर्ने गरेको र पटक पटकको यातायात बन्द तथा स्थानीय समुदायले बन्द आह्वान गर्ने गरेका जस्ता समस्या रहेका थिए । यी समस्याहरूको समाधानका क्रममा जग्गा अधिग्रहणमा परेको समस्या समाधानार्थ प्रजिअ तथा मध्यपश्चिमाञ्चल क्षेत्रीय प्रशासकलाई पटक–पटक अनुरोध गरिएको र आयोजनाका लागि आवश्यक पर्ने वोल्डर बाँके राष्ट्रिय निकुञ्जबाट निकाल्न पत्राचार गरिएको जनाइएको छ ।

**४.२. बबई सिँचाइ आयोजना**

बर्दिया जिल्लामा अवस्थित यस आयोजनाबाट भेरी बबई नदीको पूर्वतर्फ १९,००० हेक्टर र पश्चिममा २१,००० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने अनुमान गरिएको छ । यो आयोजना पनि नेपाल सरकारको आफ्नै स्रोतबाट सञ्चालन भैरहेको छ । आयोजनाको कुललागत रू.३ अर्ब ७७ करोड १० लाख ८६ हजार र जनसहभागितातर्फ ९८ लाख ३० हजार र नेपाल सरकारको तर्फबाट रू. ३ अर्ब ७६ करोड १२ लाख ५६ हजार रहने अनुमान रहेको छ । आ.व. २०४५/४६ मा सुरूभएको यो सिँचाइ आयोजना

आ.व. २०७१/७२ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाको अद्यावधिक प्रगति सन्तोषजनक नै रहेको छ । यसबाट हालसम्म १३,६८० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध भैसकेको छ । आ.व. २०६७/७० मा आयोजनाको भौतिक प्रगति ५५.३६ प्रतिशत र वित्तीय प्रगति ७५.८१ प्रतिशत रहेको छ । कार्यान्वयन क्रममा कुनै गम्भीर समस्या नरहेको बुझिएको यस आयोजनाका लागि आ.व.२०७०/७१ मा कुल रू. ४५ करोड विनियोजन गरिएको छ ।


### ४.३. रानीजमरा कुलरिया सिँचाइ आयोजना


कैलाली जिल्लाको टीकापुरमा अवस्थित यो आयोजनाले परापूर्व कालदेखि सञ्चालित रानी, जमरा र कुलरिया सिँचाइ प्रणालीको पुनर्निर्माणका साथै सिचित क्षेत्र विस्तार गर्ने उद्देश्य राखेको छ । यसले कैलाली जिल्लाको ८ गा.वि.स. र एक नगरपालिकाको करिब २०,३०० हेक्टर जमिनमा व्यवस्थित सिँचाइको विस्तार गर्ने अनुमान गरिएको छ । आ.व. २०६४/६५ मा सुरू भएको यो आयोजना आ.व. २०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनामा नेपाल सरकारको स्रोतबाट रू. ७ अर्ब ७ करोड ९९ लाख, वैदेशिक ऋणबाट रू. ३ अब १ करोड २७ लाख ९० हजार र कुल ८ करोड बराबर जनसहभागिता परिचालन हुने अनुमान रहेको छ । आ.व. २०६९।७० अन्त्यसम्ममा ८५ प्रतिशत इन्टेक निर्माण भई सकेको यस आयोजनाको मुल नहरको रूख कटान कार्य ७० प्रतिशत तथा नहर निर्माण १० प्रतिशत सम्पन्न हुनुका साथै सिंचित क्षेत्र बचाउ कार्य तथा संरक्षणअन्तर्गत ९० प्रतिशत कार्य सम्पन्न भएको छ । यसका अतिरिक्त आयोजना कार्यालय र २ वटा क्वाटर निर्माण कार्य पनि भएका छन् । आयोजनाको आ.व. २०६९/७० सम्मको भौतिक प्रगति ५५.३६ प्रतिशत र वित्तीय प्रगति ७५.८१ प्रतिशत रहेको देखिन्छ । यस आयोजनाको स्थिति विवरण अनुसूचीमा राखिएको छ ।

आ.व. २०७०।७१ मा नेपाल सरकारको तर्फबाट रू.१ अर्ब, २५ करोड, १९ लाख १९ हजार बजेट विनियोजन भएको यस आयोजनामा कार्यान्वयनलाई गम्भीर असर गर्ने समस्याहरु नरहेको बुझिएको छ ।

### ४.४. भेरी बबई डाइभर्सन

ऊर्जा, सिँचाइ, सहरी विकास र जलाधार संरक्षणलाई एकसाथ योगदान दिने उद्देश्यले कार्यान्वयन भइरहेको यस भेरी बबई डाइभर्सन बहुद्देश्यीय आयोजनाको कार्यान्वयन स्थल सुर्खेत, बर्दिया र बाँके जिल्ला रहेका छन् । यस आयोजनाबाट बर्दिया र बाँके जिल्लाको ५१,००० हेक्टर भूमिमा सिँचाइ सुविधा विस्तार गरी कृषि उत्पादनको वृद्धि गर्ने अपेक्षा राखिएको छ । यसैगरी कृषकको आयमा वृद्धि तथा सिञ्चित क्षेत्रबाट प्रतिहेक्टर प्रतिवर्ष ७२ श्रम दिन बराबर रोजगारी सिर्जना भई गरिबी निवारणमा टेवा पुऱ्याउनेछ । यसका अतिरिक्त मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा खाद्यान्न सङ्कटको समाधानमा मद्दत पुऱ्याउनेर उत्पादित ऊर्जाको खपत गरी आर्थिक विकासमा सहयोग पुऱ्याउने लक्ष्य समेत यसमा राखिएको देखिन्छ । आयोजनाको कुल लागतमा नेपाल सरकार बाट रू १६ अर्ब४३ करोड ३० लाखको अनुमान गरिएको छ । आ.व. २०६९।७० यस आयोजनाको भौतिक प्रगति ५ प्रतिशत र वित्तीय प्रगति ०.३१ प्रतिशत प्रगति भएको छ । यस आयोजनाको स्थिति विवरण अनुसूचीमा प्रस्तुत छ । निराशाजनक भौतिक तथा वित्तीय प्रगति भए पनि यस आयोजनाले के कस्ता समस्याहरु झेल्नुपरिरहेको छ भन्ने जानकारी उपलब्ध गराएको छैन ।





### ४.५. माथिल्लो तामाकोशी जलविद्युत् आयोजना

आ.व. २०७२/७३ भित्र ४५६ मेगावाट क्षमताको जलविद्युत् उत्पादन गर्ने लक्ष्य राखेको यस आयोजना दोलखा जिल्लामा अवस्थित छ । यस आयोजनाको कुल लागतमा नेपाल सरकारको स्रोत तर्फबाट ४ अर्ब ७० करोड ४१ लाख, आन्तरिक ऋणतर्फ रू.२० अर्ब र शेयर लगानीमा रू. १० अर्ब ५९ करोड रहने अपेक्षा गरिएको छ । २०६७ श्रावणमा सुरू भई आ.व. २०७२।७३ मा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको आ.व. २०६९/७० असारसम्मको भौतिक प्रगति ५०.१ प्रतिशत र वित्तीय प्रगति ३७.२ प्रतिशत रहेको छ । आयोजनाबाट प्राप्त जानकारीअनुसार १६ कि.मि. टनेल निर्माण गर्नुपर्नेमा ११.३ कि.मि तयार भइसकेको छ ।

भूमिगत विद्युत्गृह र ट्रान्सफर्मर क्याभर्नहरूको सिलिङको केही क्षेत्रमा कमजोर चट्टानको कारण यसअघि नै सकिएको संरचनामा Cracks आएको तथा मुख्य सुरूङको चारवटा Work Front हरूमध्ये दुईवटा, HT3 र HT4, बीचको खण्ड छड्के रहेकोमा (८.३३%) स्लोपमा) HT4 क्षेत्रमा कमजोर चट्टान आई समस्या देखिएको आयोजनाले जनाएको छ । यी सवालहरूको समाधानका लागि भूमिगत विद्युत्गृह र ट्रान्सफर्मर क्याभर्नहरूको सिलिङ Cracks हरूलाई सुधार गर्ने कार्य भइरहेको छ । SINTEF ले गरेको परीक्षणका आधारमा


परामर्शदाताले मुख्य सुरूङको स्लोपको परिवर्तन गर्न आयोजनालाई सिफारिस गरेको छ । चालु आर्थिक वर्षमा नेपाल सरकारको स्रोतबाट रू. २ अर्ब विनियोजन गरिएको छ ।

### ४.६. बुढीगण्डकी जलविद्युत् आयोजना

आगामी ८ वर्षमा ६०० मेगावाट जलविद्युत उत्पादन गरी विद्युतीय ऊर्जा आपूर्ति गर्ने अनुमान रहेको यस आयोजना धादिङ जिल्लामा अवस्थित छ । यस आयोजनाबाट ६०० मेगावाट विद्युत् उत्पादनका लागि सम्भाव्यता अध्ययन, डिजाइन, रिपोट र विडिङ डकुमेन्ट तयार गर्ने काममा एक फ्रेन्च कम्पनी (M/S TRACTEBEL Engineering S.A. France) संलग्न रहेको छ । आ.व. २०६९/७० मा सुरू भई आ.व. २०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको यस आयोजनामा नेपाल सरकारको रू. २ खर्ब खर्च हुने अनुमान रहेको छ । आयोजनाको परामर्शदाताले ठेक्का सम्झौतानुसार कार्य सुरूगरेको छ । आयोजनाबाट प्राप्त जानकारीअनुसार आ.व. २०७०/७१ को विनियोजित बजेट बुढीगण्डकी जलविद्युत् आयोजना विकास समितिमा हस्तान्तरण गर्न आवश्यक परेकाले सो कार्य भइरहेको छ ।

### ४.७. पश्चिम सेती जलविद्युत् आयोजना

आयोजनाको कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, बैतडी र बझाङमा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत् उत्पादन गर्ने अनुमान गरिएको छ । चिनियाँ कम्पनी थ्री गर्जेजले सन् २०१३ जुलाई सम्ममा सम्भाव्यता अध्ययन प्रतिवेदन बुझाउने सम्झौता भएकोमा हालसम्म नबुझाएको जानकारी प्राप्त भएको छ । आयोजनाको सम्भाव्यता अध्ययन नै सम्पन्न भइनसकेकाले यसको भौतिक तथा वित्तीय प्रगति प्राप्त हुन सकेको छैन । यस आयोजना प्राविधिक तथा आर्थिक रूपमा सम्भाव्य देखिएको भए पनि लगानीकर्ताले जग्गा प्राप्ति, प्रसारण लाइन र पुनर्वाससम्बन्धी समस्या औल्याएका छन् । यी समस्या समाधानका लागि यस आयोजनामा चीनको थ्री गर्जेज कम्पनीले लगानी गर्ने गरी लगानी बोर्ड मार्फत काम भैरहेको छ ।



## ४.८. भैरहवा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने

रूपन्देही जिल्लामा अवस्थित गौतमबुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा स्तरोन्नति गर्ने र मुलुकमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने अनुमान गरिएको छ । यस आयोजना आ.व. २०६८/६९ मा सुरूभई आ.व. २०७५/७६ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यसको कुल लागत नेपाल सरकार, स्थानीय सोत, आन्तरिक तथा बाह्य ऋणबाट बेहोर्ने गरी ९९.५९ मिलियन अमेरिकी डलर रहनेछ । आयोजनाबाट प्राप्त जानकारी अनुसार टेन्डर प्रक्रियामा जान सकिएको छैन । एसियाली विकास बैकले सुरूअनुमान गर्दाको लागतभन्दा विस्तृत डिजाइन गर्दा करिब दोब्बर जस्तो बढ्न गएकाले डिजाइन सम्पन्न भए पनि टेण्डर प्रक्रियामा जान सकिएको छैन । यी सवालका लागि नपुग रकममा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट ११ मिलियन अमेरिकी डलर थप स्रोत जुटाउन अर्थ मन्त्रालयलाई अनुरोध गरिएको जनाइएको छ । यसका लागि अर्थ मन्त्रालयबाट एसियाली विकास बैंकलाई अनुरोध गरेकोमा उक्त बैंकले ३० मिलियन डलर थप स्रोत जुटाइदिने र बाँकी १२ मिलियन आन्तरिक स्रोतवाट व्यवस्था गर्न अनुरोध गरेको छ । नेपाल नागरिक

उड्डयन प्राधिकरणले नपुग थप १२ मिलियन अमेरिकी डलर थप गरी रोकिएको कार्य अगाडि बढाउने निर्णय गरेको छ । यी विविध कारणले गर्दा यो आयोजनाको कार्य सञ्चालनमा कठिनाइ आई भौतिक प्रगति र वित्तीय प्रगति हुन नसकेको जनाइएको छ । यस आयोजनाको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।


### ४.९. पोखरा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने

यस आयोजनाबाट कास्की जिल्लास्थित पोखरा विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा स्तरोन्नति गर्ने र मुलुकमा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने अपेक्षा गरिएको छ । आयोजना सन् २०११ मा सुरू भई सन २०१५ मा सम्पन्न हुने अनुमान गरिएको छ । यस आयोजनाका लागि चिनियाँ सरकारसँग सहुलियतपूर्ण ऋण प्राप्त गर्ने र ठेकेदार छनौटको प्रक्रिया अघि बढाउन नेपाल सरकार (म.प.)को मिति २०६९/११/४ को निर्णय नेपाल नागरिक उड्डयन प्राधिकरणबाट कार्यान्वयन भैरहेको जनाइएको छ । जग्गा अधिग्रहणको लागि चालु आ.व. २०७०/७१ मा रू. १ अर्ब विनियोजन भै कार्य अघि बढेको जनाइएको छ । भौतिक र वित्तीय प्रगति भने हुन सकेको देखिदैन । यस आयोजनाबाट प्राप्त जानकारीअनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले तयार गरेको लागत अनुमान र प्रारम्भिक अनुमानबीच अन्तर भएको छ । पानी निकासको ढल निर्माण गरिने जग्गाको लगत कट्टा गरी नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा आउन बाँकी रहेकोले ढल निर्माण कार्य सुरूहुन नसकेको बुझिएको छ । यसको समाधानका लागि जग्गा स्थानीय नापी कार्यालयबाट कित्ताकाट गराउनेतर्फ कारबाही अगाडि बढाइएको र ठेकेदार कम्पनीले तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन उपर नेपाल नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित कम्पनीबीच छलफल भैरहेको छ ।

### ४.१०. दोस्रो अन्तरराष्ट्रिय विमानस्थल, बारा

मुलुकमा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य राखी तर्जुमा गरिएको यस आयोजना बारा जिल्लामा अवस्थित छ । यो आयोजना अगाडि बढाउने सन्दर्भमा निर्माण सञ्चालन

तथा हस्तान्तरण (BOOT) समितिको परामर्शका लागि उक्त समितिमा प्रस्ताव पठाइएको भन्ने मात्र जानकारी प्राप्त भएको छ ।



### ४.११. पशुपति क्षेत्र विकास कोष

काठमाडौंमा अवस्थित पशुपतिनाथ क्षेत्रको समग्र विकासका लागि पशुपति क्षेत्र विकास कोष ऐन् २०४४ ले दिएको अधिकार प्रयोग गरी बनाइएको गुरूयोजनाको कार्यान्वयनका माध्यमद्वारा पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमुना क्षेत्रको रूपमा विकास गर्ने अनुमान रहेको छ । यस आयोजनाको कुल लागतमध्ये नेपाल सरकारको तर्फबाट रू. ७९ करोड १५ लाख, स्थानीयबाट रू. ४७ करोड ५३ लाख र अनुदानतर्फ रू. १६ करोड २७ लाख रहेको छ । आ.व. २०५५/५६ मा शुरू भएको यो आयोजनाको आ.व. २०६९/७० असारसम्ममा १० प्रतिशत भौतिक प्रगति र २ प्रतिशत वित्तीय प्रगति भएको पाइएको छ । आयोजनाबाट प्राप्त जानकारीअनुसार लामो समयदेखि कानुनमा संशोधन हुन सकेको छैन र समुदायबाट गरिने कार्यको समेत कानुनी संयन्त्र नहुँदा कार्यान्वयनमा समस्या रहेको छ । यी समस्या समाधानका लागि निजी गुठी जस्ता सामाजिक सङ्घ संस्थाहरूको कानुनी र नियमन निकायको व्यवस्था गर्न ऐनमा संशोधन र नियमावली निर्माण गर्नुपर्ने देखिएको छ ।

### ४.१२. लुम्बिनी क्षेत्र विकास कोष

भगवान् गौतमबुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्ने लक्ष्य रहेको यो आयोजना लुम्बिनीमा अवस्थित छ । आ.व. २०३५ मा सुरू भई २०८० सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको कुल लागत रू. ७ अर्ब रहने अनुमान रहेको छ । यस आयोजनामा नेपाल सरकारको तर्फबाट रू. ३ अर्ब र वैदेशिक अनुदान रू.४ अर्ब रहने अनुमान गरिएको छ । आ.व. २०६९/७० मा यस आयोजनाको भौतिक प्रगति ५५ र वित्तीय प्रगति ३५ प्रतिशत रहेको छ । हाल यस आयोजनामा जग्गा अधिग्रहण, गुरूयोजना निर्माण, गुरूयोजनाको फ्रेम निर्माण अधिकांश अन्तर्राष्ट्रिय विहार क्षेत्रको निर्माण, पवित्र उद्यानको अधिकांश निर्माण र अन्तर्राष्ट्रिय विहार क्षेत्रको केन्द्रिय नहरलागायत निर्माण कार्य सम्पन्न भएका छन् । यस आयोजनाको निरन्तरताका लागि आर्थिक अभाव रहेको र यसका लागि नेपाल सरकार र विभिन्न दातृ निकायसँग बारम्बार छलफल गरी गुरूयोजना पूरा गर्ने विषयमा विशेष प्रयास भईरहेको छ । आ.व. २०७०/७१ मा यस आयोजनाका लागि रू. ७० करोड विनियोजन गरिएको छ ।



### ४.१३. मध्य पहाडी (पुष्पलाल) लोकमार्ग

यस आयोजनाले मध्यपहाडअन्तर्गतका जिल्लाहरु भई पूर्व-पश्चिम यातायात सञ्चालन गर्दै पर्यटन, जलविद्युत्, कृषि तथा अन्य क्षेत्रको

विकासमा टेवा पुऱ्याउने लक्ष्य लिएको छ । यस राजमार्गबाट पहाडी क्षेत्रका जिल्लाहरूलाई यातायात सञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक क्षेत्रको सन्तुलित विकास गर्ने अपेक्षा गरिएको छ । यस आयोजना पाँचथर(चियो भञ्याङ) देखि वैतडी (झुवाघाट) सम्मका पहाडी जिल्लाहरूलाई छुने अपेक्षा गरिएको छ । आ.व. २०६४/६५ मा सुरूभई २०७४/७५ मा सम्पन्न हुने अनुमान रहेको यस आयोजनामा ६८१ कि.मि. सडक निर्माण गर्ने अनुमान गरिएको छ । यस आयोजनाको कुल लागत रू.१४ अर्ब ३८ करोड ९५ लाख ८४ हजार रहने अनुमान गरिएको छ । आ.व. २०७०/०७१ मा यस आयोजनाका लागि रू. १ अर्ब ९२ करोड २७ लाख १६ हजार विनियोजन भएको छ । आ.व. २०६९/७० मा यस आयोजनाको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९७.५६ प्रतिशत रहेको छ । आयोजनाबाट ३५ कि.मि. ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ भने २८ कि.मि. खण्डारमा (रोडा छापिएको) तथा ०.५ कि.मि. कालोपत्र (पिच) भएको प्रगति प्राप्त भएको छ । पर्याप्त बजेट नभएका कारण वन क्षेत्रभित्र निर्माण कार्य गर्न ढिलाईभएको भन्ने जानकारी आयोजनाले दिएको छ । यसका लागि वन क्षेत्रको जग्गा प्राप्तिमा सरलीकृत हुनुपर्ने जिकिर आयोजनाको रहेको छ ।



### ४.१४. पूर्व-पश्चिम रेलमार्ग

यस आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म रेल सञ्जाल निर्माण एवम् सञ्चालनको लक्ष्य लिएको छ । आ.व. २०६९/७० को


भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ८४.६५ प्रतिशत रहेको यस आयोजनाबाट विराटनगर जोगवनीको ६५ हेक्टर र जयनगर बर्दिवासको ७० हेक्टर जग्गा अधिग्रहण भइसकेको जानकारी प्राप्त भएको छ । यस आयोजना सन् २०११ मा सुरू भई २०१८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यसको कुल लागत रू. ६५४१४ करोड लाग्ने अनुमान गरिएको छ । निकुञ्ज क्षेत्रमा Alignment को समस्या रहेको, जग्गा प्राप्तिमा समस्या देखिन आएको र बजेटको अभावका कारण कार्य सञ्चालनमा समस्या रहेको प्रतिवेदन प्राप्त भएको छ । यस सवाललाई समाधान गर्न वातावरणीय प्रभाव विश्लेषण (EIA) र जग्गा प्राप्तिको प्रयास भईरहेको बुझिएको छ । यस आयोजनाका लागि २०७०/७१ मा रू. १ अर्ब ४० करोड ३८ लाख ७१ हजार विनियोजन गरिएको छ ।



### ४.१५. हुलाकी मार्ग

यस आयोजनाले तराई क्षेत्रमा सडक निर्माण/स्तरोन्नति गरी यातायात सर्वसुलभ बनाउने र त्यसमार्फत शिक्षा, स्वास्थ्यमा जनताको पहुँच पुऱ्याई कृषि, व्यापार, उद्योग र पर्यटनको विकास गरी जनताको जीवनस्तर उकास्ने उद्देश्य राखेको छ । विभिन्न पुलहरूको समेत निर्माण हुने अनुमान गरिएको यस आयोजनामा रू.२० अर्ब ५० करोड लाग्ने अनुमान गरिएको छ । नेपाल सरकारको तर्फबाट रू. ८ अर्ब ५० करोड

र अनुदानतर्फ १२ अर्ब लाग्ने अपेक्षा गरिएको छ । आ.व. २०६३/६४ मा सुरू भई आ.व. २०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको यस आयोजनाबाट १६६३ कि.मि. कालोपत्र सडक र १२५ वटा पुलको निर्माण हुने अनुमान रहेको छ । आ.व. २०६९/७० असारसम्ममा निर्माणाधीन ६६ वटा पुलमध्ये १९ वटा सम्पन्न भएका छन् । आयोजनाबाट प्राप्त जानकारीअनुसार जग्गा प्राप्ति र मुआब्जा वितरणमा कठिनाइ र बजेट अभाव रहेको छ । यस आयोजनामा चालु आ.व.२०७०।७१ मा रू.१ अर्ब २५ करोड विनियोजन गरिएको छ ।



### ४.१६. उत्तर- दक्षिण लोकमार्ग (कोशी लोकमार्ग)

यो आयोजनाले तेऱ्हथुम जिल्लाको वसन्तपुरदेखि मुलुकको उत्तरी सिमाना किमाथाङ्कासम्मको १९५ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । आ.व.२०६६/६७ मा सुरूभई २०७० मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनामा रू. २ अर्ब ५ करोड ९३ लाख ७६ हजार लाग्ने अनुमान गरिएको छ । आ.व. २०६०/७० असारसम्म भएको मुख्य- मुख्य उपलब्धिहरूमा ५३ कि.मि. कालोपत्र, ४२ कि.मि. ग्राभेल र ७८ कि.मि. ट्र्याक खोल्ने कार्य सम्पन्न हुनुका साथै ३७.५ कि.मि. विस्तृत सर्वेक्षण कार्य सम्पन्न भएको छ । आ.व. २०६९।७० मा यस आयोजनाको भौतिक प्रगति ७२.८६ प्रतिशत र वित्तीय प्रगति ४८.९७ प्रतिशत रहेको

छ । आ.व. २०७०/७१ मा यस आयोजनाको लक्ष्यमा १५ कि.मि. ट्र्याक खोल्ने, १७ कि.मि. ग्राभेल तथा ७२ कि.मि. मा वातावरणीय प्रभाव विश्लेषण गरिने अनुमान गरिएको छ । आयोजनाबाट प्राप्त जानकारीअनुसार यस आयोजनालाई निरन्तर रूपमा सञ्चालनका लागि बजेट अभाव रहेको छ ।

### ४.१७. उत्तर -दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग

यो आयोजनाले गैडाकोट-पिपलडाँडा-रानीघाट-अर्गली-रिडी-रूद्रावेनी-हर्मीचौर-पुर्तिघाट-बाग्लुङ बजार खण्डमा सडक स्तरोन्नति गर्ने अनुमान गरिएको छ । यो आयोजना आ.व. २०६५/६६ मा सुरू भई २०७६/७७ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनामा रू. २५ अर्ब ४८ करोड ५८ लाख १९ हजार कुल लागत लाग्ने अनुमान गरिएको छ । आ.व. २०६९।७० मा यस आयोजनाको ७२.८६ प्रतिशत भौतिक र ४८.९७ प्रतिशत वित्तीय प्रगति भएको छ । आ.व. २०७०/७१ मा गैडाकोट-बाग्लुङ खण्डको सबै स्थानमा ट्र्याक खोल्ने मोड तथा ग्रेड सुधार गरिने (राम्दी-रानीघाट-छेलुङ खण्ड र हर्मिचौर-अर्वेनी-पुर्तिघाट खण्डको ट्र्याक खोलिने) कार्यक्रम राखिएको छ । बजेट अभावका कारण आयोजना निर्माणमा समस्या भएको जनाइएको छ ।

### ४.१८ उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

यस आयोजनामार्फत खुलालु-सिमिकोट (हुम्ला) खण्डमा करिब २०० कि.मि. र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने अनुमान गरिएको छ । यस आयोजना आ.व.२०६५/६६ देखि सुरू भएको भए पनि सम्पन्न मिति यकिन नभएकोले कुल लागत यकिन भएको छैन । आ.व. २०७०/७१ मा खुलालु सिमिकोट सडकमा २५ कि.मि. र हिल्सा- सिमिकोट सडकमा १५ कि.मि. ट्र्याक खोल्ने कार्यक्रम राखिएको छ । आयोजनाले बजेटको अभावले कार्यान्वयनमा समस्या रहेको जनाइएको छ ।

### ४.१९. काठमाडौं -तराई मधेस द्रुतमार्ग

यस आयोजनाले राजधानी काठमाडौंलाई तराईसँग जोड्ने द्रुतमार्ग निर्माण गर्ने र भारतीय नाका रक्सौलसम्मको स्थलगत यातायात प्रणालीमा

सुधार ल्याउनुकासाथै यातायात खर्चमा भारी कटौती गरी अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने लक्ष्य लिइएको छ । आ.व.२०६४/६५ मा सुरू भई २०७५ मा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको कुल लागत रू. ८० अर्ब रहने अनुमान गरिएको छ । आ.व. २०६९/७० मा यस आयोजनाको भौतिक र वित्तीय प्रगति दुबै १०० प्रतिशत रहेको छ । आ.व. २०६९/७० असारसम्ममा ८१ कि.मि. ट्र्याक खुलेको र निर्माण सञ्चालन तथा हस्तान्तरण प्रक्रियामा जानको लागि प्रारम्भिक कार्यहरुभैरहेको बुझिएको छ । यस आयोजना निर्माणमा देखिएका विभिन्न सवालहरु समाधानका लागि स्थानीय सरोकारवालाहरूसँग वार्ता भैरहेको जनाइएको छ ।



### ४.२०. मेलम्ची खानेपानी आयोजना

मेलम्ची र मण्डन उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले ५ चरणमा गरी काठमाडौं उपत्यकाका करिब २० लाख जनसङ्ख्यालाई ५१ करोड लिटर खानेपानी आपूर्ति गराउनेछ । आ.व. २०५५/५६ मा सुरू भई २०७३/७४ मा सम्पन्न हुने अपेक्षा गरिएको यस आयोजनाको कुल लागत रू. २३ अर्ब ४५ करोड ४६ लाख ५० हजार अनुमान गरिएको छ । यस आयोजनाको आ.व. २०६९/७० को भौतिक प्रगति ९८.२० प्रतिशत र वित्तीय प्रगति ९५.८५ प्रतिशत रहेको थियो । यसै गरी २०७० असारसम्ममा काठमाडौं उपत्यका एवम् मेलम्ची खानेपानी आयोजना क्षेत्रमा ६६ कि.मि. सडक निर्माण वा स्तरोन्नति, क्याम्प साइट

निर्माणअन्तर्गत पहिलो चरण र दोस्रो चरण गरी २१ वटा भवन निर्माण कार्य सम्पन्न भएको छ । त्यस्तै ६.५ कि.मि.सुरूङ खन्ने कार्य सम्पन्न भएको र अवरूद्ध सुरूङ निर्माणका लागि पुनःठेक्का सम्झौता सम्पन्न भएको जानकारी प्राप्त भएको छ । यसैगरी २०७० असारसम्ममा पानी प्रशोधन केन्द्र निर्माणको ठेक्का सम्झौता सम्पन्न भैसकेको छ । आयोजनाबाट प्राप्त जानकारीअनुसार ठेकेदारले सम्झौता बमोजिम सुरूङ निर्माण कार्यको प्रगति गर्न नसकेकाले करार सम्झौता रद्द गर्नुपर्दा सुरूङ निर्माण कार्य अवरूद्ध भएको र पानी प्रशोधन केन्द्र निर्माणको लागि पुनः ठेक्का गर्नु परेको हुँदा समय तथा लागत वृद्धि हुन गएको जस्ता समस्याहरु रहेका छन् । यो समस्या समाधान गर्न सुरूङ निर्माणको नयाँ ठेक्का व्यवस्थापनको लागि मेलम्ची खानेपानी विकास समिति, सहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय तथा दातृ निकायबीच छलफल तथा समझदारी भई २०६९ माघमा पुनः ठेक्कापट्टा सुरू गरी २०७० आसारमा ठेक्का सम्झौता गरिएको छ र पानी प्रशोधन केन्द्र निर्माणको लागि २०६९ श्रावणबाट खरिद प्रक्रिया सुरू गरी २०७० आसारमा सम्झौता भएको छ । आ.व. २०७०/७१ मा नेपाल सरकारको तर्फबाट रू. १ अर्ब ३९ करोड ५ लाख विनियोजन भएको छ ।



### ४.२१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

यो आयोजनाबाट एकीकृत रूपमा चुरेको पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्दै उपल्लो तटीय र तल्लो तटीय वातावरणीय

अन्तरसम्बन्धबाट तराई/मधेश क्षेत्रको समेत संरक्षण हुने अनुमान रहेको छ । नेपाल सरकारको पूर्ण लगानीमा सञ्चालन हुने यो आयोजना २०६७/६८ बाट सुरू भएको र यसको कुल लागत रू.५० करोड रहने अपेक्षा गरिएको छ । आ.व. २०७०/७१ मा चुरेसँग सम्बन्धित निर्देशिका तथा कार्यविधि पुनरावोलकन गर्ने, उपल्लो तटीय बासिन्दाबीच समूह सञ्जालीकरण गर्ने, नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्ने, विभिन्न प्रजातिका बिरूवा उत्पादन गर्ने, चुरेको डढेलो नियन्त्रण तथा वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्ने, चुरेमा आश्रित गरिब तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षरोपण गर्ने जस्ता कार्यक्रम रहेका छन् । आयोजनाबाट प्राप्त जानकारीअनुसार कर्मचारी छिटो- छिटो सरूवा हुँदा यस आयोजना अन्तर्गतका क्रियाकलापहरूको प्रभावकारी रूपमा समन्वय हुन गाऱ्हो भएकाले कार्यक्रम कार्यान्वयन भएका जिल्लाहरूमा कार्यरत कर्मचारीको २ वर्षसम्म सरूवा हुन नहुने जिकिर आयोजनाले गरेको छ । साथै जनचेतना जगाउने खालका कार्यक्रम गरी तोकिएकै नदी प्रणालीमा कार्यक्रम गर्न पहल गरेको पाइएको छ ।




## ५. निष्कर्ष

नेपाल सरकारले आयोजनाहरूको प्राथमिकीकरण र विशेष महत्वका आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनामा वर्गीकरण गरी कार्यान्वयन गर्ने प्रयासलाई सराहनीय रूपमा लिन सकिन्छ । यी आयोजनाहरूको

समग्र असर तथा प्रभावको लेखाजोखा गर्नु निकै चाँडो हुने भए पनि यिनीहरूको समग्र कार्यान्वयन स्थितिलाई पनि सन्तोषजनक मान्न सकिने स्थिति छैन । यस वर्गीकरणमा परेका आयोजनाहरूलाई साधनको सुनिश्चितता हुने भनिए पनि धेरै आयोजनाहरूबाट बजेटको अभाव रहेको भनी समस्यामा उल्लेख गरिएको छ । कतिपय आयोजनाको विस्तृत संभावना अध्ययन र कतिपय आयोजनाको समय र कुल लागत अनुमान हुन बाँकी नै रहेको स्थितिलाई पनि उचित भन्न सकिदैन । आयोजनाको व्यवस्थापनलाई थप व्यवस्थित बनाउन सम्बन्धित मन्त्रालय र आयोजना प्रमुखबीच करार गर्ने व्यवस्थाले जवाफदेहिता प्रवर्द्धनमा सहयोगको अपेक्षा भने गर्न सकिन्छ ।

## राष्ट्रिय गौरवका आयोजनाहरूको लक्ष्य र हालसम्मको प्रगतिको स्थिति (२०६९।७०)

| क्र.स. | आयोजना | आयोजनाको सुरू मिति सम्पन्न मिति | आयोजनाले ओगटेको लक्ष्य | आयोजनाको हालसम्मको भौतिक प्रगति(२०६९) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिक्टा सिँचाइ आयोजना | २०६१ -०७५ | ४३ गा.वि.स. र नेपालगञ्ज गा.वि.स. मा गरी ४२,७६६ हेक्टर कृषि योग्य भूमिमा सिँचाइका लागि पानी उपलब्ध गराउने । | ▪ ३१७ मीटर व्यारेज निर्माण<br>▪ मुल बाँधको दायाँतर्फ ६२.५m3/5 वहाव क्षमता भएको Headregulator/ Desilting basin तथा बायाँतर्फ १२.५m3/5 बहाव क्षमता भएका Headregulator निर्माण ।<br>▪ १४५० मी. लामो Flushing channel निर्माण ।<br>▪ दायाँ मुलनहर निर्माण कार्य १५ कि.मि. सम्पन्न । | |
| २. | बबई सिँचाइ आयोजना | २०४५-०७२ | बबई नदीको पूर्वमा १९००० हेक्टर र पश्चिममा २१,००० हेक्टर जमिनमा सिँचाइ सुविधा । | ▪ १३,६८० हेक्टर जमिनमा सिँचाइ उपलब्ध भैसकेको ।<br>▪ बाली सघनतामा १२३ ०० बाट २१०००मा पुगेको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | रानीजमरा कुलरिया सिँचाइ आयोजना | २०६४ -०७५ | कैलाली जिल्लाको ८ गा.वि.स. र १ नगरपालिकाको करिब २०,३०० हेक्टर जमिनमा व्यवस्थित सिँचाइ गर्ने | ▪ हाल जरही नालामा समयमै च्यानलाइजेसनको कार्य भएकोले सिँचाइ भई उत्पादनमा वृद्धि भएको ।<br>▪ सिँचाइ सेवा शुल्क उठाउन जागरूक हुन थालेका ।<br>▪ इन्टेक निर्माण ८५०० भन्दा वढी कार्य सम्पन्न | |
| ४. | भेरी बबई डाइभर्सन | २०६९ -०७७ | बर्दिया र बाँके जिल्लाको ५१,००० हेक्टर भूमिमा सिँचाइको सेवा पुऱ्याउने । | ▪ सुरूङ निर्माण कार्यका निम्ति निर्माणकर्ता तथा परामर्शदातृ छनौट कार्य सम्पन्न भई निर्माण कार्य सुरू । | |
| ५. | बूढीगण्डकी जलविद्युत् आयोजना (विकास समिति) | २०६९ -.७८ | ६०० मेगावाट जलविद्युत् उत्पादन गरी विद्युतीय ऊर्जा आपूर्ति गर्ने । | ▪ प्रतिवर्ष २५०० गिगावाट आवर विद्युतीय ऊर्जा उत्पादन गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना (४५६ मे.वा.) | २०६७-०७२ | ४५६ मेगावाट क्षमताको जलविद्युत् उत्पादन गर्ने । | ▪ हालसम्म ५० प्रतिशत निर्माण कार्य सम्पन्न । | |
| ७. | पश्चिम सेती जलविद्युत् आयोजना | | ७५० मेगावाट विद्युत् उत्पादन गर्ने । | | PPP Model अनुसार चिनियाँ कम्पनीले गर्ने । |
| ८. | काठमाडौं - तराई द्रुतमार्ग | २०६४-७५ | काठमाडौंदेखि निजगढसम्म फाष्ट ट्र्याक निर्माण गर्ने । | ▪ मुआब्जा वितरणको ८००० कार्य सम्पन्न ।<br>▪ नेपाली सेनाबाट ६० कि.मि. बाटो खुलिसकेको । | |
| ९. | उत्तर-दक्षिण लोकमार्ग कर्णाली | २०६५ | ३०८ कि.मि. ट्र्याक खोल्ने । | ▪ १४.२५०० भौतिक प्रगति भएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | उत्तर- दक्षिण लोकमार्ग (कालीगण्डकी) | २०६७-०७७ | ४३५ कि.मि. सडक निर्माण हुने । | ▪ ३९५ कि.मि. ट्र्याक खोलिएको । | |
| ११. | उत्तर- दक्षिण लोकमार्ग (कोशी) | २०६६-०७३ | १०७ कि.मि. सडक निर्माण हुने । | ▪ ३० कि.मि. सडक निर्माण । | |
| १२. | पुष्पलाल लोकमार्ग (मध्य पहाडी लोकमार्ग) | २०६४- ७५ | लोकमार्गको पूर्वीखण्ड तर्फको लम्बाई ६८१ कि.मि. रहेकोमा हालको कार्यक्षेत्र करिब ३०७ कि.मि.मा नयाँ ट्र्याक खोल्ने । | ▪ ट्र्याक खोल्ने कार्य सम्पन्न भई सडक चौडा पार्ने कार्य भैरहेको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | रेलवे तथा मेट्रो विकास आयोजना | २०६८-७६ | १३१८ कि.मि. रेलमार्ग निर्माण एवम् सञ्चालनमा आउने ।<br>७५ कि.मि. मेट्रो काठमाडौं उपत्यकामा निर्माण एवम् सञ्चालनमा आउने । | ▪ सिमरा खण्ड(१०२ कि.मि.) मा ३४ कि.मि.को विस्तृत सर्वेक्षण प्रतिवेदन प्राप्त ।<br>▪ सिमरा बुटवल(१७९ कि.मि.) र बुटवल भैरहवा लुम्बिनी(४४) कि.मि.को परामर्शदाताहरूबाट प्रतिवेदन प्राप्त भई baseline सुरू ।<br>▪ बुटवल गड्डाचौकी खण्डको आयोजनाको प्रतिवेदन तयार गर्न विभिन्न देशका परामर्शदाताहरूलाई प्रस्तावपत्र आह्वान ।<br>▪ जयनगर, बर्दिवास र जोगवनी विराटनगर रेलमार्गको लागि १३५ हेक्टर जग्गा अधिग्रहण भएको बाँकी प्रक्रियामा रहेको ।<br>▪ जोगवनी विराटनगर रेलमार्गको नेपाल खण्डमा निर्माण कार्य सुरू । | |
| १४. | हुलाकी लोकमार्ग | २०६३-७५ | १६६३ कि.मि. सडक निर्माण तथा १२५ वटा पुल निर्माण गर्ने । | ▪ पहिलो चरणमा २५०० कार्य सम्पन्न । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५. | पशुपति क्षेत्र विकास कोष | २०५६/५७ | पशुपतिक्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्याटनको नमूना क्षेत्रको रूपमा विकास गर्ने । | ▪ भौतिक प्रगति ७०% भएको । | |
| १६. | लुम्बिनी क्षेत्र विकास कोष | २०१०-२०१७ | **लुम्बिनी गुरुयोजना पूरा गर्ने** | ▪ जग्गा अधिग्रहण, गुरूयोजना निर्माण कार्य, गुरूयोजनाको फ्रेम निर्माण कार्य, अधिकांश अन्तर्राष्ट्रिय विहार क्षेत्रको निर्माण कार्य, पवित्र उद्यानको अधिकांश निर्माण कार्य, अन्तर्राष्ट्रिय विहार क्षेत्रको केन्द्रीय नहरलगयत संरचना निर्माण सम्पन्न | |
| १७. | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा | | | BOOT कमिटिको परामर्शका लागि प्रस्ताव पठाइएको छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८. | पोखरा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने | २०११-२०१५ | पोखरा विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नति गरी मुलुकमा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दीगो पर्यटन विकास गर्ने । | चिनियाँ सरकारसँग सहुलियतपूर्ण ऋण प्राप्त गर्नेतर्फ ठेकेदार छनौटको प्रक्रिया अघि बढाउन नेपाल सरकार (म.प.) को मिति २०६९/११/०४ को निर्णय नेपाल नागरिक उड्डयन प्राधिकरणबाट कार्यान्वयन भैरहेको । | |
| १९. | भैरहवा विमानस्थललाई क्षेत्रीय विमानस्थल बनाउने । | २०६८-०७६ | गौतमबुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गरी मुलुकमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दीगो पर्यटन विकास गर्ने । | आयोजना डिजाइन कार्य सम्पन्न भई बोलपत्र आह्वान गर्ने क्रममा रहेकोले तालिकामा उल्लेख गर्न कठिनाइ भएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | मेलम्ची खानेपानी आयोजना | २०५५-०७४ | काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका ३० लाख जनसङ्ख्यामा शुद्ध पानी पुऱ्याउने । | सामाजिक उत्थान कार्यक्रमा सिन्धुपाल्चोकस्थित मेलम्ची उपत्यकाका १४ गा.वि.स. तथा काभ्रे जिल्लाका मण्डन उपत्यकाका ५ गा.वि.स.का उपभोक्ता लाभन्वित । | |
| २१. | राष्ट्रपति चुरे संरक्षण आयोजना | २०६७/०६८ | चुरे भावर तथा तराई क्षेत्रको भौगोलिक, आर्थिक, सामाजिक, प्राकृतिक र परिस्थितिकीय प्रणालीको संवेदनशीलता र अन्तरसम्बनधलाई मनन गर्दै चुरे-भावार-तराई क्षेत्रको प्राकृतिक सम्पदा र परिस्थितिकीय प्रणालीको संरक्षण र सदुपयोग गरी भू-उत्पादकत्व अभिवृद्धि गर्दै गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्यमा टेवा पुऱ्याउनुका साथै दीगो विकास र वातावरणबीच सन्तुलन कायम गर्ने । | ▪ २७ वटा वन तथा भू-संरक्षण व्यवस्थापन कार्ययोजना तयार ।<br>▪ चुरे रणनीति मस्यौदा तयार<br>▪ कार्यक्रम कार्यान्वयन निर्देशिका तयार<br>▪ कार्यक्रम कार्यान्वयन निर्देशन समितिको गठन ।<br>▪ नदी उकास, वृक्षारोपण तटबन्धजस्ता भौतिक कार्यक्रम तथा संरचना तयार भएको । | |

## राष्ट्रिय गौरवका आयोजनाहरूको समग्र प्रगति समीक्षा (२०६९)

| क्र.स. | ब.उ.सि.न. | आयोजनाहरूको नाम | आयोजनाको अनुमानित लागत/स्रोत (रू. लाखमा) | | | | कुल खर्च बजेट आ.व.२०६९ सम्मको | आयोजना स्थल |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल सरकार | वैदेशिक | अन्य | कुल जम्मा | | |
| १. | ३३७१४१ | काठमाडौं तराई- मधेस द्रुतमार्ग | ८००००० | - | - | ८००००० | १६४१५ | ललितपुर, मकवानपुर र बारा |
| २. | ३३७१३८ | पुष्पलाल लोकमार्ग (मध्य पहाडी लोकमार्ग) | १४३८९५ | - | - | १४३८९५१ | ३१००२ | पहाडी क्षेत्र हुँदै पूर्वदेखि पश्चिमसम्म |
| ३. | ३३७३०७ | रेलवे तथा मेट्रो विकास आयोजना | ६५४१४०० | - | - | ६५४१४०० | २०३६६ | पूर्व मेचीदेखि महाकाली सम्म |
| ४. | | हुलाकी लोकमार्ग | ८५००० | १२०००० | - | २०५००० | ४०४५६ | तराइको जिल्लाहरु |
| ५. | ३३७१४५ | उत्तर- दक्षिण लोकमार्ग (कोशी) | २०५९३ | - | - | २०५९३ | २५९९ | वसन्तपुर देखि किमाथाङ्का |
| ६. | ३३७१४५ | उत्तर -दक्षिण लोकमार्ग (कालीगण्डकी) | २५४८५८ | - | - | २५४८५८ | ८२५४०० | गैडाकोट-पिपलडाँडा-रानीघाट-अर्गली-रिडी-रूद्रावेनी-हर्मीचौर-पुर्तिघाट -बाग्लुङ सम्म |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | ३३७१४५ | उत्तर- दक्षिण लोकमार्ग(कर्णाली) | ३४०६९ | - | — | ३४०६९ | २१६७ | खुलालु-सिमिकोट(हुम्ला) |
| ८. | ३४७१७६ | मेलम्ची खानेपानी आयोजना | २३४५४६ | - | - | २३४५४६ | ३४५२७ | मेलम्ची र मण्डन उपत्यका |
| ९. | ३०८११३ | बूढी गण्डकी जल विद्युत् आयोजना | २०००००० | - | - | २०००००० | ६०००० | धादिङ |
| १०. | | पश्चिम सेती जलविद्युत् आयोजना | - | - | - | | - | डोटी, डडेलधुरा, बैतडी, र बझाङ (BOOT प्रणाली) |
| ११. | ५०११२१ | तामाकोशी जलविद्युत् आयोजना | ४७०४१ | - | ३०५९०० | ३५२९४१ | ५१५४१ | दोलखा क्षेत्र नं.२ न.पा./ गा.वि.स. लामाबगर |
| १२. | ३५७१२५ | सिक्टा सिँचाइ आयोजना | १५,७३,२५ | - | - | १५,७३,२५ | ७८९७७ | बाँकेको निर्वाचन क्षेत्र नं. १, २, ३ र ४,न.पा.- नेपालगञ्ज,गा.वि.स.-४३ |
| १३. | ३५७१३२ | रानीजमरा सिँचाइ आयोजना | १२६३७७ | - | - | १२६३७७ | २३००७ | कैलालीः निर्वाचन क्षेत्र नम्बर १ र २ टीकापुर नगरपालिका सहित ८ गा.वि.स. |
| १४ | ३५७१२१ | बबई सिँचाइ आयोजना | ३७७१० | - | - | ३७७१० | २८४९० | बर्दिया- निर्वाचन क्षेत्र नं. ५, गुलरिया न.पा. सहित पूर्वका ११ गा.वि.स. र पश्चिमका ६ गा.वि.स |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५. | ३५७१३५ | भेरी बबई डाइभर्सन | १६४३३० | - | - | १६४३३० | ५१० | बर्दिया, सुर्खेत, बाँके |
| १६. | ३२५१०८ | भैरहवा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने | १०३९५ | | | १०३९५ | ३०० | रूपन्देही |
| १७. | ५०११६१ | पोखरा विमानस्थललाई क्षेत्रीय विमानस्थलमा विकसित गर्ने | १०००० | - | — | १०००० | | कास्की |
| १८. | | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा | | | | | | बारा ( BOOT प्रणाली) |
| १९. | ३२११५ | पशुपति क्षेत्र विकास कोष | ७९१५ | १६२७ | ४७५३ | १४२९५ | नखुलेको | काठमाडौं |
| २०. | ३२११६ | लुम्बिनी क्षेत्र विकास कोष | ३०००० | ४०००० | - | ७०००० | १५९० | लुम्बिनी |
| २१. | ३२९१२४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ५०००००० | | | ५०००००० | नखुलेको | चुरे क्षेत्र |
| | | | | | | **१७५१२७९०** | | |

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरवार, काठमाडौं, नेपाल
फोनः ४२११३२, ४२११३३, फ्याक्सः ४२११७००
इमेलः npcs@npcnepal.gov.np
वेब साइटः http://www.npc.gov.np